# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-६०

# Overview of Weekly Media Study Vol. 60


**नेपाल संवाद केन्द्र**

काठमाडौं, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com


**PDF पठ्नका लागि QR Scan गर्नुहोस**

मिति : २०८२ चैत्र ०१, आइतबार

## साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप- भाग ६०

नेपाल संवाद केन्द्रद्वारा प्रस्तुत यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदन २०८२ साल फागुन २६ गतेदेखि चैत्र ०१ गतेसम्म प्रमुख राष्ट्रिय दैनिक पत्रपत्रिका, अनलाइन, प्रिन्ट तथा टेलिभिजन माध्यममा प्रकाशित तथा प्रसारित समाचार, विचार, विश्लेषण र लेखहरूको गहन अध्ययनपश्चात् तयार गरिएको हो । यस प्रतिवेदनमा उक्त अवधिमा प्रकाशित सकारात्मक, पठनीय तथा रचनात्मक सामग्रीहरू समेटिएका छन् ।

यस अवधिमा नेपालका मिडियाले– आगामी चैत १६ देखि ‘बृहत् पाशुपतक्षेत्र पदयात्रा’ हुने : ६४ सिद्धलिङ्गको पैदल दर्शन गरिने; नेपालको प्रस्तावमा संयुक्त राष्ट्रसंघद्वारा स्वीकृत ‘अन्तर्राष्ट्रिय आरोग्य दिवस’ मनाउने घोषणा; ‘हिन्दू राष्ट्र बनाउन तयार भए रास्वपालाई राप्रपाले दुई तिहाइ पुऱ्याउन सहयोग गर्छ’; आगामी वैशाख १२ देखि स्वयम्भू महोत्सव हुने; पुराना मूर्तिहरू फुट्दा निस्किएको घन्टीको आवाज; रातो मच्छिन्द्रनाथ रथ निर्माणको काम अन्तिम चरणमा; धार्मिक महत्वको लुङबुक गुफा; फागुनमा पाथीभरामा ३१ लाखभन्दा बढी भेटी सङ्कलन; धार्मिक पर्यटनको केन्द्र बन्दै नवलपुरको दाउन्ने देवी मन्दिर; मातृभाषामा प्रविधिको प्रवेश : फाइदा कति, बेफाइदा कति ?; प्राथमिक तहमा मातृभाषा शिक्षा; मातृभाषाका वक्ता घटेकोमा चिन्ता; सुरुवाती दिनमा पर्यटक आगमन; आकर्षक पर्यटकीय गन्तव्य बन्दै ‘मलुवा पोखरी’; सप्तऋषिहरूको चर्चा किन ?; रामेश्वरको दिव्य चमक; रणवीरले सुरु गरे रामायणको दोस्रो भागको सुटिङ; लगायतका विषयहरू समेटिएका छन् ।

अन्तरदेशीय, कूटनीतिक, लोकतान्त्रिक तथा सामाजिक समाचारतर्फ– मोदीलाई धन्यवाद दिँदै रविले भने- भारतसँगको साझेदारीलाई नयाँ उचाइमा पुऱ्याउने अपेक्षा छ; रवि र बालेन्द्रसँग भारतीय प्रधानमन्त्री मोदीको फोन वार्ता : सानदार जितका लागि दिए बधाई; मोदीसँग रविले राखे प्राथमिकताका चार विषय, ‘विकास कूटनीति’लाई अघि बढाउन; सहकार्य गर्ने भारतको प्रतिबद्धता; बाबुराम भट्टराई भारत प्रस्थान; भारतीय प्रधानमन्त्री र इरानी राष्ट्रपतिबीच कुराकानी; नेपाल दुई शक्ति राष्ट्रबीचको चेपुवा होइन, गतिशील पुल बन्नुपर्छ : डा. बाबुराम भट्टराई; कूटनीतिक सम्बन्धको आयाम; रवि-बालेनसँग मोदीको संवादबारे भारतीय विदेश मन्त्रालयले के भन्यो ?; भारतबाट आयात हुने बिजुलीको महसुल १.५ प्रतिशत बढाउने सहमति; बालेन र रविसँगको संवादपछि भारतीय प्रधानमन्त्री मोदीको नेपाली भाषामै यस्तो ट्वीट; मतदानपछि मतदाता भारत फर्किन थाले तथा लोकतन्त्रमा चुनावी संस्कार; लोकतन्त्रमा निर्वाचन सबैभन्दा ठूलो अनुष्ठान : कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारी; के हाम्रो लोकतन्त्र थाकेको हो ?; लोकतन्त्रमा अन्तिम फैसला जनताकै हुन्छ, जनमतलाई स्वीकारेर जनताकै बीचमा रहन्छौं : ओली; नेकपाले भन्यो- निर्वाचनले लोकतन्त्रलाई फेरि लिकमा ल्याउने स्थिति बन्यो; रवि र बालेनलाई भुटानी प्रधानमन्त्रीले दिए बधाई; नयाँ युगको प्रारम्भ; सुरक्षा र उद्धारमा सरकारको दीर्घकालीन रणनीति; रास्वपाको उभार : परिवर्तनको चाहना कि असन्तुष्टिको विस्फोट ?; उदीयमान वैकल्पिक शक्तिमाथि असीम जनअपेक्षा; रवि-बालेन गठबन्धनको ऐतिहासिक जितको अर्थ; यस्तो बन्दै छ सातदोबाटोमा ‘जेन-जी’ शहीद स्मारक पार्क; सफल ऐतिहासिक निर्वाचन; शान्त विद्रोहको सन्देश; समानुपातिकमा कुन दलबाट कति महिला आउँदै ?; प्रत्यक्षतर्फ कुन उमेर समूहका कति सांसद ?; प्रत्यक्षतर्फ चौध जना महिला निर्वाचित; दुई सातापछि नयाँ सरकार; महिला नेतृत्वको उत्कृष्टता; नारी सत्कार : दिव्य गुण र सुखमय समाजको आधार; पञ्चशील नै अबको बाटो; लगायतका विषयहरू समेटिएका छन् ।

यस साप्ताहिक मिडिया अध्ययन प्रतिवेदनमा समेटिएका विषयवस्तुहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक, सान्दर्भिक र रणनीतिक मुद्दाहरूको स्पष्ट, तथ्यपरक तथा व्यवस्थित परिदृश्य प्रस्तुत गरेका छन् । यो प्रतिवेदन अनुसन्धानकर्ता, नीतिनिर्माता, पाठक तथा सञ्चारकर्मीहरूका लागि उपयोगी सन्दर्भ सामग्री बन्ने विश्वास लिएका छौं ।

**Date: 2082 Chaitra 01, Sunday**

## Weekly Media Study Summary– Part 60

This weekly media study report presented by Nepal Samwad Kendra has been prepared after an in-depth review of news, opinions, analyses and articles published and broadcasted in major national daily newspapers, online portals, print media and television from **Falgun 26 to Chaitra 01, 2082.** The report includes positive, readable and constructive content published during this period.

During this period, Nepali media covered topics such as*: "The announcement that "Grand Pashupati Kshetra Pilgrimage Walk" will begin from Chaitra 16, devotees to visit 64 Siddha Lingas on foot; The declaration of an "International Wellness Day" approved by the United Nations upon Nepal's proposal; A statement that the Rastriya Prajatantra Party would help the Rastriya Swatantra Party secure a two-thirds majority if it agrees to establish a Hindu nation; The upcoming Swayambhu Festival starting from Baisakh 12; The bell sound heard when old statues broke; Construction of the Rato Machhindranath chariot reaching its final stage; The religiously significant Lungbuk Cave; More than 3.1 million rupees collected as offerings at Pathibhara in Falgun; The Daunne Devi Temple of Nawalpur emerging as a center for religious tourism; Entry of technology into mother languages and its advantages and disadvantages; Mother-tongue education at the primary level; Concern over the decline in the number of mother-tongue speakers; The arrival of tourists in the early days of the season; Maluwa Pokhari emerging as an attractive tourist destination; Discussions about the Saptarishis; The divine glow of Rameshwar and Actor Ranveer to begin the shooting of the second part of Ramayana"* among other topics.

Regarding international, diplomatic, democratic and social news, the media covered issues such as: *"Ravi expressing thanks to Modi and expecting Nepal–India partnership to reach a new height; A phone conversation between Indian Prime Minister Modi and Ravi and Balendra, congratulating them on their grand victory; Ravi presenting four priority issues to Modi to advance "development diplomacy"; India expressing commitment to cooperation; Baburam Bhattarai departing for India; India needing to be cautious in its relations with the United States; Dr. Baburam Bhattarai – "Nepal should become a dynamic bridge rather than being squeezed between two major powers" ; The dimensions of diplomatic relations; What the Indian Ministry of External Affairs said about Modi's conversation with Ravi and Balendra; An agreement to increase the tariff on electricity imported from India by 1.5 percent; Modi posting a tweet in Nepali after speaking with Balendra and Ravi; Voters returning to India after voting and the culture of elections in democracy; Acting Chief Election Commissioner Bhandari stating that elections are the greatest ritual of democracy; Questions about whether Nepal's democracy is becoming exhausted ? ; Oli said, "the final decision in democracy lies with the people and that they will accept the people's mandate"; The Nepal Communist Party states election has brought democracy back on track; The Bhutanese Prime Minister congratulating Ravi and Balendra; Government's long-term strategy for security and rescue; The rise of the Rastriya Swatantra Party - whether it reflects a desire for change or an explosion of dissatisfaction; Immense public expectations from emerging alternative forces; Historic victory of the Ravi-Balendra alliance; The construction of a "Gen-Z Martyrs Memorial Park" in Satdobato; A successful historic election; The message of a peaceful rebellion; How many women will come through the proportional representation system? ; The age groups of elected members in the direct system; Fourteen women elected through the direct electoral system; The formation of a new government after two weeks; Excellence in women's leadership; Respect for women as a divine virtue and the foundation of a harmonious society; and Panchsheel as the path forward"* among other topics.

The matters included in this weekly media study report presents a clear, factual and organized overview of contemporary national and international developments, relevant contexts and strategic matters. It is believed that this report will serve as a useful reference material for researchers, policymakers, readers and media professionals.

## २०८२ फागुन २६ गतेदेखि चैत्र ०१ गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

### आगामी चैत १६ देखि 'बृहत् पाशुपतक्षेत्र पदयात्रा' हुने : ६४ सिद्धलिङ्गको पैदल दर्शन गरिने

नेपालमा रहेका ६४ वटा सिद्ध स्वयम्भू शिवलिङ्गहरूको महिमा उजागर गर्ने उद्देश्यले आगामी चैत १६ गतेदेखि 'बृहत् पाशुपतक्षेत्र पदयात्रा-२०८२' आयोजना हुने भएको छ। आराध्यदेव भगवान् श्रीपशुपतिनाथ र पाशुपत क्षेत्रको आध्यात्मिक माहात्म्यसँगै पवित्र वाग्मती नदीको विशिष्टतालाई जनमानसमा पुनर्जागृत गराउन यो विशेष पदयात्रा गर्न लागिएको हो । महेश सन्न्यास आश्रमका पीठाधीश एवं महेश संस्कृत गुरुकुलम्का अध्यक्ष स्वामी रमणानन्द गिरीको सत्सङ्कल्पमा सुरु हुन लागेको यस अभियानले वाग्मती नदी प्रदूषित भएकोमा भगवान् पशुपतिनाथसँग क्षमायाचना र प्रायश्चित गर्ने मुख्य लक्ष्य राखेको छ। बाँकी...
स्रोत : **https://samwadkhabar.com/news/13965**

### नेपालको प्रस्तावमा संयुक्त राष्ट्रसंघद्वारा स्वीकृत, 'अन्तर्राष्ट्रिय आरोग्य दिवस' मनाउने घोषणा

संयुक्त राष्ट्रसंघको महासभाले नेपालको प्रस्तावमा 'अन्तर्राष्ट्रिय आरोग्य दिवस' सम्बन्धी प्रस्ताव पारित गरेको छ। महासभाले बुधबार उक्त प्रस्ताव पारित गर्दै अबदेखि विश्वभर हरेक वर्ष अप्रिल १५ का दिन अन्तर्राष्ट्रिय आरोग्य दिवस मनाइने निर्णय गरेको हो। संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापाका अनुसार प्रस्तावले स्वास्थ्यलाई केवल रोग नलाग्नुको अवस्था मात्र नभई समग्र कल्याणको अवस्थाका रूपमा परिभाषित गरेको छ। बाँकी...
स्रोत : **https://newsofnepal.com/2026/03/11/758169/**

### नेपालको प्रस्तावमा विश्वभर आरोग्य दिवस

नेपालको वैश्विक प्रयासको फलस्वरूप आगामी अप्रिल १५ देखि हरेक वर्ष विश्वभर अन्तर्राष्ट्रिय आरोग्य दिवस मनाइने भएको छ । नेपालको मौलिक अभ्यासलाई कूटनीतिको सौम्यशक्तिका रूपमा अगाडि बढाउँदै नेपालले अघि सारेको 'अन्तर्राष्ट्रिय आरोग्यता दिवस' अर्थात् 'इन्टरनेसनल वेलनेस डे' को सङ्कल्प प्रस्तावलाई संयुक्त राष्ट्रसङ्घको महासभाले पारित गरेसँगै विश्वभर अप्रिल १५ मा उक्त दिवस मनाइने भएको हो। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/196174**

### 'हिन्दू राष्ट्र बनाउन तयार भए रास्वपालाई राप्रपाले दुई तिहाइ पुऱ्याउन सहयोग गर्छ'

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेता कमल थापाले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) हिन्दू राष्ट्र बनाउन संविधान संशोधनका लागि तयार भए दुईतिहाइ सिटका लागि आफ्ना सांसदले सहयोग गर्ने बताएका छन् । सामाजिक सञ्जाल फेसबुकमार्फत थापाले प्रतिनिधिसभामा दुई तिहाइ बहुमत पुऱ्याउनका लागि रास्वपासँग शर्त राखेका हुन्। रास्वपालाई एकल दुई तिहाइ पुऱ्याउन २ सिट कम भएको छ। बाँकी...
स्रोत : **https://www.onlinekhabar.com/2026/03/1889612/if-the-rpp-is-ready-to-build-a-hindu-nation-it-will-help-the-rspb-to-reach-two-thirds-of-the-vote**

## आगामी वैशाख १२ देखि स्वयम्भू महोत्सव हुने

काठमाडौँ महानगरपालिकाले आगामी वैशाख १२ देखि स्वयम्भू महोत्सव आयोजना गर्ने भएको छ । महानगरपालिका वडा नं १५ को आयोजनामा आज यहाँ भएको छलफलमा वैशाख १२ देखि १९ गतेसम्म महोत्सव आयोजना गर्ने सहमती भएको हो । वडा १५ का वडाध्यक्ष ईश्वरमान डङ्गोलले वडाको प्राचीन धार्मिक, सांस्कृतिक, पुरातात्विक तथा सामाजिक मठमन्दिर, चैत्य, गुम्बासहितको पहिचान, मूर्त सम्पदा तथा अमूर्त सम्पदाको प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको बताए । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/550479/swayambhu-festival-to-begin-from-april-12**

## रातो मच्छिन्द्रनाथ रथ निर्माणको काम अन्तिम चरणमा

ललितपुरको प्रसिद्ध रातो मछिन्द्रनाथको रथको पाङ्ग्रा बनाउने काम अन्तिम चरणमा पुगेको छ । जेनजी आन्दोलनका क्रममा भएको आगजनीका कारण रथको दुई वटा पाङ्ग्रा जलेर क्षतिग्रस्त भएपछि नयाँ पाङ्ग्रा बनाइएको हो । रातो मछिन्द्रनाथको पाङ्ग्रा हरेक १२ वर्षमा एक पटक मात्र बनाउने गरेकोमा आगामी वर्षमा हुने जात्राका लागि नै पाङ्ग्रा नभएपछि अहिले नै बनाइएको मछिन्द्रनाथको रथ निर्माण समूहका नाइके दिलकुमार बाराहीले बताए । बाँकी... स्रोत : **https://khabarhub.com/2026/12/940149/**

## धार्मिक महत्वको लुङबुक गुफा

मुस्ताङस्थित वारागुङ मुक्तिक्षेत्र-५ फल्याक र धाकार्रजुङ गाउँमाथिको उच्च लेकमा एक विशाल चट्टानरुपी पहाड छ । त्यही पहाडको तल्लो भागमा एक गुफा छ । यही गुफाको नाम हो- लुङबुक गुफा । अहिले यस गुफाको करिब ७० प्रतिशत भाग पूरै हिउँले ढाकिएको छ । बर्खायाममा सामान्य देखिने लुङबुक गुफाको स्वरूप हिउँदयाममा पूरै स्वरूप परिवर्तन हुन्छ । अक्सर यो लुङबुक गुफा बर्सेनि मङ्सिरदेखि चैत महिनासम्म हिउँको घुम्टोभित्र लुकेको हुन्छ । बाँकी...

स्रोत : **https://nepalnews.com/2026/03/15/lungbuk-cave-of-religious-importance/**

## फागुनमा पाथीभरामा ३१ लाखभन्दा बढी भेटी सङ्कलन

पाथीभरा (मुक्कुमलुङ) मा फागुन महिनामा रु ३१ लाखभन्दा बढी भेटी सङकलन भएको छ । भक्तजनले चढाएको भेटीबाट उक्त रकम संकलन भएको हो । पाथीभरा क्षेत्र विकास समितिले सार्वजनिक गरेको विवरणअनुसार फागुनमा भक्तजनले पाथीभरामा रु ३१ लाख १० हजार भेटी चढाएका छन् । समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङका अनुसार तीर्थयात्रीले मन्दिरमा चढाएको भेटी रकम समितिका कर्मचारीले नेपाल प्रहरीको रोहबरमा सङ्कलन गर्ने गरेका छन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/550517/over-31-million-offerings-collected-in-pathibhara-in-falgun**

## धार्मिक पर्यटनको केन्द्र बन्दै नवलपुरको दाउन्ने देवी मन्दिर

नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको विनयी त्रिवेणी गाउँपालिका-२ मा अवस्थित दाउन्ने देवी मन्दिर धार्मिक, ऐतिहासिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्णस्थलका रूपमा परिचित बन्दै गएको छ । पूर्वपश्चिम राजमार्ग नजिकै दाउन्ने डाँडाको चुचुरोमा अवस्थित यस मन्दिरमा पछिल्लो समय दर्शनार्थीको चाप बढ्दै गएको छ । समुद्री सतहबाट करिब तीन हजार ३०० फिट उचाइमा रहेको मन्दिर पुग्न दाउन्ने बजारबाट करिब आधा घण्टा उकालो यात्रा गर्नुपर्छ । बाँकी...

स्रोत : **[https://www.ratopati.com/story/549607/nawalpurs-daunne-devi-temple-is-becoming-a-center-for-religious-tourism](https://www.ratopati.com/story/549607/nawalpurs-daunne-devi-temple-is-becoming-a-center-for-religious-tourism)**

## आज खखडेहरा पर्व मनाउँदै राना थारू समुदाय

सुदूरपश्चिमका कैलाली र कञ्चनपुर जिल्लामा बसोबास गर्ने राना थारू समुदायले आज परम्परागत 'खखडेहरा पर्व' मनाउँदै यस वर्षको होलीलाई औपचारिक रूपमा बिदाइ गर्दैछन् । करिब एक महिनाभन्दा बढी समयसम्म निरन्तर रूपमा मनाइने राना थारू समुदायको होली खखडेहरा पर्वसँगै समाप्त हुने परम्परा छ । राना थारू समुदायमा होली केवल रङ खेल्ने पर्वका रूपमा सीमित छैन । यो पर्व सामाजिक, धार्मिक र सांस्कृतिक जीवनसँग गहिरो रूपमा जोडिएको उत्सवका रूपमा मनाइन्छ । वर्षको सबैभन्दा ठूलो र महत्वपूर्ण चाडका रूपमा लिइने होली पर्व समुदायका लागि सामूहिक एकता, सांस्कृतिक निरन्तरता र धार्मिक आस्थाको प्रतीक पनि मानिन्छ । बाँकी...

स्रोत : **[https://www.ratopati.com/story/549600/rana-tharu-community-celebrating-khakhadehara-festival-today](https://www.ratopati.com/story/549600/rana-tharu-community-celebrating-khakhadehara-festival-today)**

## मातृभाषामा प्रविधिको प्रवेश : फाइदा कति, बेफाइदा कति ?

प्रविधिको विकाससँगै मानिसको दैनिक जीवनमा धेरै सहजता थपिएको छ। अन्य पक्षसँगै प्रविधिले मातृभाषा संरक्षण र विकासमा पनि केही हदसम्म टेवा पुऱ्याएको छ। गुगल ट्रान्सलेटले करिब एक हजार भाषा अनुवाद गर्छ। जसमध्ये नेपाली भाषासँगै नेपाल भाषा, मैथिलीलाई पनि गुगलले अनुवाद गर्छ। नेपालका यी भाषाहरूपछि तामाङ भाषाले भने प्रक्रिया पूरा गर्दै छ। तामाङ भाषा वैशाखसम्म गुगल अनुवादमा जाँदै छ। बाँकी...

स्रोत : **[https://www.nayapatrikadaily.com/news-details/190053/2026-03-07](https://www.nayapatrikadaily.com/news-details/190053/2026-03-07)**

## प्राथमिक तहमा मातृभाषा शिक्षा

नेपालमा हरेक शैक्षिक वर्षमा करिब १३ लाख नयाँ विद्यार्थी कक्षा १ मा भर्ना हुन्छन् । एसइइको परीक्षा दिने बेलासम्म साढे पाँच लाख विद्यार्थी मात्र हुन्छन् । यसरी कक्षा १ देखि १० सम्म पुग्दा करिब आठ लाख विद्यार्थी बीच बाटोमै हराउँछन् । किन ? विद्यालय पढने विद्यार्थीहरू यसरी बीचमै हराउनुका धेरै कारण छन् । तीमध्ये एउटा कारण हो, विद्यालयमा घरको जस्तो वातावरण नहुनु । विद्यालय आएपछि विद्यार्थीहरू कुनै नौलो ग्रहमा आएको जस्तो महसुस गर्छन् । अझ खासगरी घरमा आआफ्नै मातृभाषामा व्यवहार गर्ने बालबालिकाहरूका लागि त विद्यालय भालुको पुराण सुन्ने ठाउँ जस्तो मात्रै बन्न पुगेको हुन्छ । बाँकी...

स्रोत : **[https://nagariknews.nagariknetwork.com/opinion/130753-1507865520.html](https://nagariknews.nagariknetwork.com/opinion/130753-1507865520.html)**

## मातृभाषाका वक्ता घटेकोमा चिन्ता

तपाईं-हामीले छोराछोरीलाई अंग्रेजी सिकाउन मरिहत्ते गरेको करिब दुई दशकको परिणाम विश्लेषण गर्ने हो भने एउटा कुरूप चित्र अगाडि आउँछ, जसमा मातृभाषामा कमजोर र सनातन संस्कार भुल्दै गएका युवाहरूको प्रतिविम्ब देखिन्छ । शिखरापुर सामुदायिक सिकाइ केन्द्र तथा दक्षिणकाली नगरपालिकाद्वारा शुक्रबार फर्पिङमा संयुक्त रूपमा आयोजित बहुभाषिक सांस्कृतिक प्रदर्शनीका क्रममा सहभागी सामाजिक तथा राजनीतिक अगुवाहरूले यस्तै चिन्ता व्यक्त गरे । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/social-affairs/189965-1567823400.html**

## तस्बीरमा हेर्नुहोस् भाले मयूरको नाच

मयूरहरूको वार्षिक नृत्य ऋतु सुरु भएको छ । फेब्रुअरीदेखि अगस्टसम्मको समयमा भाले मयूरहरूले आफ्नो लामो, रङ्गिन र चम्किलो पुच्छर फिँजाएर अद्भुत नृत्य प्रदर्शन गर्छ । उनीहरूले पुच्छर हल्लाउँदै र हल्का खडखडाहट जस्तो आवाज निकाल्दाको दृश्य प्रकृतिको अत्यन्त मनमोहक प्रस्तुतिमध्ये एक हुन्छ । यो नृत्यको मुख्य उद्देश्य पोथी मयूरहरूलाई आकर्षित गर्नु हो । भाले मयूरहरू यो अवधिमा धेरै सक्रिय र स्वरबादी हुन्छन्, लगातार बोलिरहने र आफ्नो उपस्थितिलाई देखाइरहने गर्छन् । प्रदर्शन साँझदेखि बिहानसम्म जारी रहन्छ । बाँकी... स्रोत : **https://www.ratopati.com/story/549791/see-the-dance-of-the-male-peacock-in-the-photo**

## १५ वर्षे प्याराग्लाइडिङ पाइलटको एसियन गेम्समा उडान भर्ने लक्ष्य

पोखरामा प्याराग्लाइडिङले व्यवसायिक मोड लिँदै गर्दा जन्मिएका युकेश गुरुङ (कोमुलस)लाई सानैदेखि आकाशमा उड्ने रहर थियो । तर, अविभावकले उनलाई क्यानोपी दिएनन् । उनले भने, 'त्यतिबेलै सोचिसकेका थिए कि म एकदिन पाइलट बनेरै छाड्छु ।' नभन्दै तिनै कोमुलस १५ वर्षको उमेर पार गर्दैगर्दा व्यवसायिक पाइलट बनिसकेका छन् । कोमुलसले सानैदेखि प्याराग्लाइडिङमा चाहना राख्नु अस्वभाविक थिएन, किनकी बुबा भूपालसिंह आफैं एक बरिष्ठ पाइलट थिए भने कोमुलसले मामा भनेर बोलाउने बिमल अधिकारी प्रशिक्षक पाइलट थिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2017/08/616709/%E0%A5%A7%E0%A5%AB-%E0%A4%B5%E0%A4%B0%E0%A5%8D%E0%A4%B7%E0%A5%87-**

## सुरुवाती दिनमा पर्यटक आगमन

नेपालको विकासमा छुटाउनै नसकिने एउटा क्षेत्र हो- पर्यटन । हिमाल, पहाड र तराईको भूबनोट, विश्वमै अग्लो हिमचुचुरो सगरमाथासहितका हिमशृङ्खला र तालतलैयाले नेपालको प्रकृतिक सौन्दर्य बढाएको छ । यो सौन्दर्यले विश्वका पर्यटकलाई आकर्षित गरिरहेको छ । यसै गरी विभिन्न भाषाभाषी, जातजति, वेशभूषाले पनि पर्यटकलाई लोभ्याइरहेको छ । यहाँका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदा त विश्वमै अतुलनीय छ । चाडपर्व, जात्रामा पनि नेपाल धनी छ । नेपालका यी कुरा हेर्न विश्वका पर्यटक लालायित छन् तर पर्यटकका निम्ति हामीले पूर्वाधार खडा गर्न सकेका छैनौं । बाँकी...

स्रोत : **https://www.setopress.com/article/61067**

## आकर्षक पर्यटकीय गन्तव्य बन्दै 'मलुवा पोखरी'

टेम्केमैयुङ गाउँपालिका-२ छिनामखुमा अवस्थित मलुवा पोखरी पछिल्लो समय पर्यटकको आकर्षक गन्तव्यका रूपमा परिचित बन्दै गएको छ । सरकारले घोषणा गरेको घुम्नैपर्ने एक सय पर्यटकीय गन्तव्यभित्र परेको मुन्दुम पदमार्गको यात्राका क्रममा भेटिने यो पोखरी प्राकृतिक सौन्दर्यका कारण पर्यटकमाझ लोकप्रिय बन्दै गएको हो । समुद्री सतहबाट करिब दुई हजार ५०० मिटर उचाइमा रहेको यो पोखरी घाँसेमैदानको बीचमा अवस्थित छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/196488**

## सप्तऋषिहरूको चर्चा किन ?

अत्रि ऋषिले कृषिको विकासमा पृथु र ऋषमकै तरह योगदान दिएका थिए । अत्रि सिन्धु पार गरेर (आजको इरान) मा गएका थिए । त्यहाँ उनले यज्ञको प्रचार गरे । सप्तर्षि अर्थात् सात ऋषिहरूलाई वेद र अन्य हिन्दु ग्रन्थहरूमा अनेकौं पटक चर्चा गरिएको पाइन्छ । वेदको अध्ययन गर्दा जुन सप्तऋषिहरू वा ऋषि कुलको नामहरू पत्ता लाग्दछ । ती नाम यस प्रकार छन्- १) वशिष्ठ २) विश्वामित्र ३) कण्ड ४) भारद्वाज ५) अत्रि ६) वामदेव ७) शौनक। पुराणमा सप्तऋषिका नाममा भिन्नभिन्न नामावली पाइन्छ । विष्णु पुराणका अनुसार यो मन्वन्तरका सात ऋषि यस प्रकारमा छन् । बाँकी...

स्रोत : **https://annapurnapost.com/story/495964/**

## रामेश्वरको दिव्य चमक

विराटनगरको त्यो बिहान, मानौं कुहिरोको एउटा सेतो मलमल ओढेर अलि ढिलो गरी ब्युँझिएको थियो । झ्यालका सिसाहरूमा शीतका थोपाहरू मोती झैं टल्किरहेका थिए। अघिल्लो साँझ नै गाउँको सुगन्ध र पहाडी माटोको ममता बोकेर आमाबुबा सहर आइपुग्नुभएको थियो । बाहिर चिसोको साम्राज्य भए तापनि मेरो मनभित्र भने एउटा तातो र तीव्र उत्साहको लहर चलिरहेको थियो । त्यो उत्साहको केन्द्रबिन्दु थियो- रामेश्वरम्को पावन यात्रा । बाँकी...

स्रोत : **https://annapurnapost.com/story/495981/**

## रणवीरले सुरु गरे रामायणको दोस्रो भागको सुटिङ

बलिउड अभिनेता रणवीर कपूरको आगामी फिल्म 'रामायण' यतिबेला निकै चर्चामा छ । हालै फिल्मको सेटका केही तस्बिरहरू भाइरल भएका थिए । यी तस्बिर सुटिङ स्थलबाट लिक भएको दाबी गरिएको थियो । तर, पछि ती तस्बिरहरू नक्कली भएको थाहा भयो । अहिले भने फिल्मको सुटिङबारे नयाँ अपडेट आएको छ । फिल्मको पहिलो भागको सुटिङ पूरा भइसकेको जनाइएको छ । स्रोतका अनुसार रणवीर कपूरले फिल्मको दोस्रो भागको सुटिङ सुरु गरिसकेका छन् । यो भागमा देवी सीताको अपहरण पछिका घटनाहरूलाई चित्रण गरिनेछ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/550012/ranveer-begins-shooting-for-ramayana-part-2**

## Four new wheels crafted for Rato Machhindranath chariot

The construction of the four wheels of the Rato Machhindranath chariot was completed on Friday. the new wheels were built in the traditional style to replace the damaged ones. two wheels of the chariot were completely destroyed by fire during the Gen-Z protest. as per tradition, four new wheels must be built if one wheel becomes damaged or non-functional, said Dil Kumar Barahi, leader of the Barahi Da Guthi. बाँकी... स्रोत : **https://risingnepaldaily.com/news/77109**

## Nepal’s new leadership’s challenges

The uprisings in South Asia have produced interesting results. In Sri Lanka, once considered radical left, the JVP-led National People’s Power (NPP) capitalised on the Aragalaya Protest Movement, which opposed traditional political elites and their corrupt ways. Following the protests, the NPP was elected to power for the first time. The student-led protests in early 2022 played a key role in ousting the incumbent President Gotabaya, who fled the country to escape public ire. बाँकी...

स्रोत : **https://kathmandupost.com/columns/2026/03/12/nepal-s-new-leadership-s-challenges**

## The thunderous rhythm of dhime baja

If you ever stumble upon a mass in a jatra, a thunderous beat that repeats itself demands immediate attention. this festive beat is produced by the dhime, a traditional Newa baja. the sonorous sound of the dhime evidences the large structure of this musical instrument. dhime’s long, cylindrical shape has a diameter of about 40-50 inches and a length of 17-21 inches. the drum structure is generally made up of wood and even brass. बाँकी... स्रोत : **https://kathmandupost.com/art-culture/2026/03/13/the-thunderous-rhythm-of-dhime-baja**

## Patan High Court orders ANFA to rehear Three Star dispute ‘properly’

The All Nepal Football Association has come under scrutiny over a dispute between Three Star Club and Armed Police Force Club after intervention from the Patan High Court. on February 25, the court quashed the decision by the Disciplinary Committee and Appeal Committee—two of ANFA’s three judicial bodies—to relegate Three Star Club to the B Division. the full verdict of the decision was released on Tuesday. बाँकी... स्रोत : **https://kathmandupost.com/sports/2026/03/13/patan-high-court-orders-anfa-to-rehear-three-star-dispute-properly**

## Rally aiming to promote kidney health organized

A cycle rally aimed at promoting kidney health was held in Butwal today on the occasion of World Kidney day. the rally, organized with the theme "Kidney Health for All," was a joint initiative of the Ken Diabetes and Thyroid Centre, the Nepal Society of Nephrology, the Butwal United Cycling Club, and the Lions Club of Butwal. बाँकी… स्रोत : **https://risingnepaldaily.com/news/77011**

## मोदीलाई धन्यवाद दिँदै रविले भने- भारतसँगको साझेदारीलाई नयाँ उचाइमा पुऱ्याउने अपेक्षा छ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई धन्यवाद दिँदै भारतसँगको साझेदारीलाई नयाँ उचाइमा पुऱ्याउने अपेक्षा रहेको बताएका छन् । सोमबार मोदीले सामाजिक सञ्जालमा लेखेको पोस्टमा जबाफ लेख्दै रविले यस्तो बताएका हुन् । मोदीले रवि लामिछाने र रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहसँग टेलिफोन वार्ता गरेको र उनीहरूको जित र रास्वपाले हासिल गरेको सफलताका निम्ति बधाइ दिएको बताएका थिए । बाँकी…

स्रोत : **https://www.setopati.com/politics/383969**

## रवि र बालेन्द्रसँग भारतीय प्रधानमन्त्री मोदीको फोन वार्ता : सानदार जितका लागि दिए बधाई

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाहसँग फोन वार्ता गरेको जानकारी दिएका छन् । फागुन २१ मा भएको प्रतिनिधिसभा निर्वाचनमा दुवै नेता र रास्वपाको सानदार जित भएकोमा बधाई दिएको उनले सोमबार साँझ सामाजिक सञ्जालहरुमा उल्लेख गरेका छन् । उनले नयाँ सरकार र नेपाल-भारतबीचको परस्पर हित र समृद्धिका लागि सहकार्यका लागि शुभकामना दिएको समेत उल्लेख गरेका छन् । बाँकी…

स्रोत : **https://ekantipur.com/news/2026/03/09/indian-prime-minister-modis-phone-conversation-with-ravi-and-balendra-best-wishes-for-a-resounding-victory-39-56.html**

## मोदीसँग रविले राखे प्राथमिकताका चार विषय, 'विकास कूटनीति'लाई अघि बढाउने

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग सोमबार भएको टेलिफोन संवादमा नेपालको प्राथमिकताका चार विषय उठाएको बताएका छन् । भारतका प्रधानमन्त्री मोदीले दिएको बधाई सन्देशप्रति प्रतिक्रिया जनाउँदै उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले नेपाल-भारत सम्बन्धलाई आपसी सम्मान र साझा समृद्धिमा आधारित बनाउँदै अघि बढ्ने प्रतिबद्धता जनाए । बाँकी… स्रोत : **https://khabarhub.com/2026/09/939176/**

## सहकार्य गर्ने भारतको प्रतिबद्धता

नेपालको छिमेकी भारतका प्रधानमन्त्री नरेन्द्रदामोदर मोदीले प्रतिनिधि सभा सदस्य निर्वाचनमा सानदार जित हासिल गर्न सफल भएकोमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाहलाई बधाई दिनुभएको छ । उहाँले टेलिफोन गरेरै उहाँहरूलाई जितका लागि बधाई दिनुभएको हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/195892**

## बाबुराम भट्टराई भारत प्रस्थान

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई भारत प्रस्थान गरेका छन् । भारतको नयाँ दिल्लीमा आयोजना हुने अन्तर्राष्ट्रिय बौद्धिक तथा वैज्ञानिक विमर्शमा सहभागी हुन उनी त्यसतर्फ गएका हुन् । 'एनएक्सटी २०२६ ग्लोबल समिट' नाम दिइएको सो बौद्धिक तथा वैज्ञानिक विमर्श नयाँ दिल्लीस्थित भारत मण्डपममा मार्च १२, १३ र १४ मा आयोजना हुनेछ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसमेत सहभागी हुने समिटमा डा. भट्टराई 'गेस्ट अफ अनर' को रूपमा सहभागी हुँदैछन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1888883/baburam-bhattarai-leaves-for-india**

## भारतीय प्रधानमन्त्री र इरानी राष्ट्रपतिबीच कुराकानी

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले इरानका राष्ट्रपति मसुद पेजेश्कियानसँग टेलिफोन कुराकानी गरेका छन् । उनले सामाजिक सञ्जालमार्फत् इरानका राष्ट्रपति मसुदसँग भएको कुराकानीकाबारेमा जानकारी दिएका छन् । प्रधानमन्त्री मोदीले एक्समा लेखेका छन्, 'क्षेत्र (मध्य पूर्व) को गम्भीर स्थितिबारे मैले इरानका राष्ट्रपति डा. मसुद पेजेश्कियानसँग कुराकानी गरेको छु ।' बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1890038/conversation-between-indian-prime-minister-and-iranian-president**

## नेपाल दुई शक्ति राष्ट्रबीचको चेपुवा होइन, गतिशील पुल बन्नुपर्छ : डा.बाबुराम भट्टराई

भारतको नयाँ दिल्लीमा जारी प्रतिष्ठित 'एनएक्सटी समिट २०२६' को प्रधानमन्त्रीस्तरीय राउन्ड टेबल सेसनमा पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले नेपालको भू-राजनीतिक अवस्था र युवा नेतृत्वबारे धारणा राखेका छन् । उनले नेपाललाई अब दुई ढुङ्गाबीचको तरुल वा चेपुवामा परेको देशका रूपमा मात्र हेर्न नहुने तर्क गर्दै नेपाल दुई ठुला उदीयमान शक्ति राष्ट्रहरूलाई जोड्ने गतिशील पुल बन्नुपर्नेमा जोड दिएका हुन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/550035/nepal-should-not-be-a-buffer-between-two-powerful-nations-but-a-dynamic-bridge-dr-baburam-bhattarai**

## कूटनीतिक सम्बन्धको आयाम

बर्सौंदेखि आफूलाई निर्वाचन क्षेत्रको हकदार सम्भिmइरहेका राजनीतिक पार्टीका किल्ला भत्किएका छन् । अपारदर्शिता, भ्रष्टाचार, युवाको बढ्दो पलायन, आर्थिक तरलता जस्ता थुप्रै समस्या र त्यसबाट उत्पन्न वितृष्णाको प्रतिफल राष्ट्रिय स्वतन्त्र पार्टीले दुई तिहाइ मत पाएको छ । यसले थुप्रै प्रश्न पनि उब्जाएको छ । अब पारदर्शिता र सुशासन कायम होला ? युवा पलायन रोक्न देशभित्रै रोजगारीका अवसर खुल्लान् ? आर्थिक तरलताको सम्बोधन होला ? दुई ठुला विशाल छिमेकीबिच सन्तुलन मिलाउन सक्ला ? बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/196199**

## रवि-बालेनसँग मोदीको संवादबारे भारतीय विदेश मन्त्रालयले के भन्यो ?

भारतको विदेश मन्त्रालयले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन शाहसँग टेलिफोन संवादमा भएको कुराकानीबारे जानकारी गराएको छ । भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले बिहीबार एक सम्बोधन गर्दै भारत र नेपालबीच बहुआयामिक साझेदारी तथा सम्बन्ध रहेको स्मरण गरे । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1889789/what-did-the-indian-ministry-of-external-affairs-say-about-modis-conversation-with-ravi-balen**

## भारतबाट आयात हुने बिजुलीको महसुल १.५ प्रतिशत बढाउने सहमति

भारतको बिहार र उत्तरप्रदेशबाट खरिद गरिने बिजुलीको शुल्क १.५ प्रतिशतले बढाइएको छ। बिहीबार र शुक्रबार पोखरामा सम्पन्न नेपाल-भारत संयुक्त पावर एक्सचेन्ज कमिटी (पिइसी)को १७ औँ बैठकमा बिहार र उत्तर प्रदेशबाट खरिद गरिने बिजुलीको शुल्क बढाउने सहमति भएको हो। विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य र भारतको केन्द्रीय विद्युत् प्राधिकरणका सदस्य विजयकुमार सिंहको नेतृत्वमा पोखरामा भएको बैठकमा सो सहमति भएको हो। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/190609/2026-03-14**

## गोरखा माइक्रो दुर्घटनाः मृत्यु हुने सबै भारतीय नागरिक, मृतकको संख्या ७ पुग्यो

मनकामना मन्दिर दर्शन गरेर फर्कंदै गरेका तीर्थयात्री बोकेको माइक्रो बस दुर्घटनामा ७ जनाको मृत्यु भएको छ । मृतक दुई महिला र पाँच पुरुष मनकामना दर्शन गर्न आएका भारतीय नागरिक रहेको प्रहरीले जनाएको छ । गोरखाको सहिद लखन-३ कान्टारमा सडकबाट करिब डेढ सय मिटर तल खसेर बागमती प्रदेश ००६ ख ८४३० नम्बरको माइक्रो बस दुर्घटना भएको हो । माइक्रोमा मनकामना दर्शन गर्न आएका १४ जना तीर्थयात्री र चालक र सहचालक गरी १६ जना रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय गोरखाका प्रमुख सुरज अर्यालले बताए । बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/03/14/gorkha-micro-accident-all-the-deceased-are-indian-citizens-death-toll-reaches-7-46-28.html**

## बालेन र रविसँगको संवादपछि भारतीय प्रधानमन्त्री मोदीको नेपाली भाषामै यस्तो ट्वीट

नेपालको चुनावी नतिजापछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का शीर्ष नेतृत्वसँग टेलिफोन संवाद गरेका छन्। सोमबार रास्वपा सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाहसँगको कुराकानीपछि प्रधानमन्त्री मोदीले नेपाली भाषामा ट्वीट गर्दै बधाई तथा शुभकामना व्यक्त गरेका छन् । प्रधानमन्त्री मोदीले एक्समा ट्वीट गर्दै दुवै नेताहरूसँगको कुराकानी सौहार्दपूर्ण रहेको बताएका छन्। बाँकी... स्रोत : **https://lokaantar.com/story/314074/2026/3/9/modi-/**

## भारतबाट आयात गर्ने विद्युत्को नयाँ दर निर्धारण, १.५ प्रतिशत वृद्धि

भारतबाट आगामी एक वर्षका लागि आयात हुने विद्युत्को नयाँ दर निर्धारण भएको छ। नेपाल-भारत विद्युत् आदान-प्रदान समितिको १७औं बैठकले आगामी एक वर्षका लागि नेपालले आयात गर्ने विद्युत्को नयाँ दर निर्धारण गरेको हो। दुवै पक्षबीच भएको विस्तृत छलफलपछि गत वर्ष कायम गरिएको दरमा १.५ प्रतिशतमात्र वृद्धि गर्ने सहमति भएको प्राधिकरणले जनाएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1890413/new-tariff-for-electricity-imported-from-india-1-5-percent-increase**

## मतदानपछि मतदाता भारत फर्किन थाले

निर्वाचनका बेला स्वदेश फर्किएका सुदूरपश्चिमेली मतदान सकिए लगत्तै रोजगारीका लागि कैलालीको त्रिनगर सीमा नाका हुँदै भारत फर्किन थालेका छन्। केही दिनदेखि नेपाल-भारतको त्रिनगर सीमा नाका हुँदै उनीहरु भारततिर फर्किन थालेका हुन्। रोजगारीका साथै उपचार, व्यापार तथा अन्य व्यक्तिगत कामका लागि दैनिक सयौं नेपाली उक्त नाका हुँदै भारत जाने-आउने गर्छन्। त्रिनगर सीमा नाकामा भेटिएका कञ्चनपुरका पदम पन्तले मतदान गरेर आफू फेरि भारततिर जान लागेको बताए। बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/social-affairs/voters-began-returning-to-india-after-voting-66-92.html**

## लोकतन्त्रमा चुनावी संस्कार

लोकतन्त्र केवल मतदान गर्ने प्रक्रिया मात्र होइन, यो सहिष्णुता, अनुशासन र सभ्य राजनीतिक संस्कारको अभ्यास पनि हो। चुनाव लोकतन्त्रको महत्वपूर्ण उत्सव हो; जहाँ विचार, नीति र नेतृत्वबिच प्रतिस्पर्धा हुन्छ। प्रतिस्पर्धा सकिएपछि परिणामलाई कसरी स्वीकार गरिन्छ भन्ने कुराले लोकतन्त्रको वास्तविक चरित्र प्रकट गर्छ। जितपछि उन्माद देखाउने र हारपछि आक्रोश पोख्ने प्रवृत्ति लोकतान्त्रिक संस्कारसँग मेल खाने विषय होइन। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/195760**

## लोकतन्त्रमा निर्वाचन सबैभन्दा ठूलो अनुष्ठान : कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारी

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले लोकतान्त्रिक व्यवस्थामा निर्वाचन सबैभन्दा ठूलो अनुष्ठान भएको बताएका छन् । आजको प्रतिनिधिसभा सदस्य निर्वाचनका सन्दर्भमा अपिल जारी गर्दै उनले यस्तो महत्त्वपूर्ण अनुष्ठानमा सहभागी भएर सम्पूर्ण मतदाताले आ-आफ्नो अधिकार सुरक्षित गर्ने विश्वास व्यक्त गरेका छन् । हरेक मतदाताले निर्वाचनमा खसाल्ने एक-एक मतले राजनीतिक व्यवस्थाको स्वरूप निर्धारण, शासन, सरकार, नीति र नेतृत्व कस्तो हुने भन्ने तय गर्ने भएकाले निर्वाचनको महत्वपूर्ण भूमिका रहेको उनले उल्लेख गरे । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1883258/election-is-the-biggest-ritual-in-a-democratic-system-acting-chief-election-commissioner-bhandari**

## के हाम्रो लोकतन्त्र थाकेको हो ?

फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा व्यापक ध्यानाकर्षित गरेको छ। सम्भवतः २०६२ को जनआन्दोलन, राजा वीरेन्द्रको वंश विनाश र महाभूकम्पपछि सबैभन्दा बढी अन्तर्राष्ट्रिय मिडियाको ध्यान फागुन २१ को निर्वाचनले पायो र संसारका प्रमुख मिडिया आउटलेटबाट निरन्तर कभरेज पायो। राजनीतिक अस्थिरता, आर्थिक चुनौतीहरू, महँगी, बेरोजगारी र युवा पुस्ताको असन्तुष्टिका कारण भएको नवयुवाहरूको विद्रोहपछि पनि निर्वाचन शान्तिपूर्ण, स्वतन्त्र, स्वच्छ र विश्वसनीय रूपमा सम्पन्न हुनु सानो उपलब्धि होइन। बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/03/12/is-our-democracy-tired-25-59.html**

## लोकतन्त्रमा अन्तिम फैसला जनताकै हुन्छ, जनमतलाई स्वीकारेर जनताकै बीचमा रहन्छौं : ओली

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले निर्वाचनको परिणाम पार्टीको पक्षमा नआएपनि जनताप्रतिको प्रतिबद्धता कमजोर नहुने बताएका छन् । आज सामाजिक सञ्जालमार्फत उनले लोकतन्त्रमा अन्तिम फैसला जनताकै हुने बताएका हुन् । ओलीले भने, 'हाम्रो पार्टीले पनि अपेक्षित परिणाम ल्याउन सकेन । लोकतन्त्रमा अन्तिम फैसला जनताकै हुन्छ, र त्यो फैसला शिरोधार्य गर्नु म र मेरो पार्टीको कर्तव्य हो । जनताको मतलाई म पूर्ण सम्मानका साथ स्वीकार गर्दछु ।' ओलीले जनतासँगको सम्बन्धलाई अझ बलियो बनाउँदै अघि बढ्ने उल्लेख गरे। 'निर्वाचनको परिणाम हाम्रो पक्षमा आएन । बाँकी...

स्रोत : **https://www.annapurnapost.com/story/495840/**

## नेकपाले भन्यो- निर्वाचनले लोकतन्त्रलाई फेरि लिकमा ल्याउने स्थिति बन्यो

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले हालै सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनले लोकतन्त्रलाई पुनः लिकमा ल्याउने स्थिति बनाएको निष्कर्ष निकालेको छ । नेकपाले मातहतका कमिटीमा 'निर्वाचन विशेष निर्देशन-३' पठाउँदै विभिन्न आशङ्का, अनिश्चितता र षड्यन्त्रको पृष्ठभूमिमा असामान्य अवस्थामा भएको निर्वाचनले लोकतन्त्रलाई ट्र्याकमा ल्याउन सकारात्मक भूमिका खेलेको बताएको हो । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/550223/ncp-says-elections-have-created-a-situation-where-democracy-will-be-brought-back-into-the-limelight**

## रवि र बालेनलाई भुटानी प्रधानमन्त्रीले दिए बधाई

भुटानी प्रधानमन्त्री छिरिङ्ग तोब्गेले २१ फागुनको निर्वाचनबाट भारी जनमत प्राप्त गरेकोमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन शाहलाई बधाई दिएका छन् । सामाजिक सञ्जालमार्फत शुभकामना सन्देश दिँदै उनले सफल निर्वाचनका लागि नेपाली जनतालाई पनि बधाई भनेका छन् । 'नेपालको आम चुनावमा भारी विजय हासिल गर्नुभएकोमा श्री बालेन शाह र श्री रवि लामिछानेलाई बधाई छ,' भुटानी प्रधानमन्त्रीले लेखेका छन्, 'म सफल चुनावको लागि नेपाली जनतालाई पनि बधाई दिन्छु ।' बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1888249/bhutanese-prime-minister-congratulates-ravi-and-balen**

## नयाँ युगको प्रारम्भ

परिवर्तनशील नेपालको राजनीतिक आकाशमा यस पटक 'घण्टी' केवल एउटा चुनाव चिह्नको रूपमा मात्र बजेन; यो त दशकौँदेखिको राजनीतिक जडता, भ्रष्टाचार र निराशाविरुद्ध को एउटा शक्तिशाली 'अलार्म' थियो । सन् २०२६ को यो चुनावी नतिजाले एउटा स्पष्ट सन्देश दिएको छः नेपाली जनता अब आश्वासनको खेती होइन, परिणामको भोकमा छन् । त्यस भोकलाई मेटाउने सङ्कल्पका साथ बालेन शाहको नेतृत्वमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले जुन ऐतिहासिक जनमत पाएको छ, त्यसले लोकतन्त्रलाई एउटा नयाँ र अपरिचित तर आसलाग्दो मोडमा पुऱ्याएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/196059**

## सुरक्षा र उद्धारमा सरकारको दीर्घकालीन रणनीति

सरकारले विदेशमा रहेका नेपालीको सुरक्षा र उद्धारका लागि दीर्घकालीन रणनीतिसहित अघि बढ्ने पहल थालेको छ। वैदेशिक रोजगारका सिलसिलामा पश्चिम एसिया, मध्यएसियालगायत विभिन्न मुलुकमा पुगेका नेपाली नागरिक युद्ध, अनलाइन ठगी, भिजिट भिसामा समस्या परेर अलपत्र पर्ने जस्ता विविध कारणले बर्सेनि उद्धार गर्नुपर्ने अवस्था आएपछि दीर्घकालीन रणनीतिका साथ सरकार अघि बढ्ने भएको हो। विदेशमा रहेका नेपालीको सुरक्षा र उद्धारमा विगतदेखि नै नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको परराष्ट्र मन्त्रालयले बारम्बार अनेक कठिनाइ उद्धारका क्रममा भोग्नु परेकाले पनि अब दीर्घकालीन रणनीति अवलम्बन गर्ने मार्ग रोजेको हो। बाँकी...

स्रोत :**https://gorkhapatraonline.com/news/196035**

## निर्वाचन २०८२ : थारू बहुल क्षेत्रमै खुम्चियो थारूको प्रतिनिधित्व

थारु बहुल पश्चिम नेपालका बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङबाट थारू समुदायको प्रतिनिधि सभाको प्रत्यक्ष तर्फको प्रतिनिधित्व ५० प्रतिशत खुम्चिएको छ । २१ फागुनको निर्वाचनमा थारू बहुल जिल्लाका १६ वटा निर्वाचन क्षेत्रमध्ये थारू उम्मेदवारले दुई वटा क्षेत्र मात्रै प्रत्यक्ष जितेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट बर्दिया क्षेत्र नं १ बाट ठाकुरसिंह थारू र बाँके क्षेत्र नं १ बाट सुरेशकुमार चौधरी मात्र निर्वाचित भए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1888130/election-2082-tharu-representation-shrinks-in-tharu-dominated-areas**

## आउने नेतृत्वलाई सुझाव

देशमा थाँती रहेका केही राजनीतिक इस्युहरु छन् । अधिकांश जनप्रतिनिधिहरु यी विषयमा अनभिज्ञ भने छैनन् र पनि आफूलाई नयाँ जनप्रतिनिधि भन्नेहरुले यी विषयको नालीबेली बुझ्न जरुरी छ । गत भाद्र २३ र २४ मा भएको जेनजी विद्रोहपछि देश आम निर्वाचनमा होमियो । लोकतन्त्रको आधार भनेको चुनाव नै हो, जनअभिमत नै हो । आम मतदाताले स्वतन्त्रपूर्वक आ-आफ्ना उम्मेदवारहरुलाई मत दिएर आफ्नो प्रतिनिधि छनोट गर्ने नै हो । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/03/11/758177/**

## रास्वपाको उभार : परिवर्तनको चाहना कि असन्तुष्टिको विस्फोट ?

पछिल्लो प्रतिनिधिसभा निर्वाचनको मतगणना जारी रहँदा नेपाली राजनीतिमा एउटा नयाँ र रोचक परिदृश्य देखिएको छ । धेरै निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले उल्लेख्य मतसहित अग्रता लिँदै वा जित हासिल गर्दै गर्दा राजनीतिक वृत्त मात्र होइन, आम नागरिकबीच पनि यसको चर्चा चुलिएको छ । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/03/10/758056/**

## घन्टीलाई जिताउन सूर्यको 'योगदान'

सामन्ती राजाहरु कस्ता हुन्छन्, उनीहरुको चरित्र कस्तो हुन्छ ? यस प्रश्नको जबाफ सोच्दा हाम्रो मनमा सिंहासनमा बसेको क्रूर अनुहार प्रकट हुन्छ- कसैको कुरा नसुन्ने, आफूखुशी निर्णय लिने, सनकका भरमा फैसला गर्ने, सिद्धान्त र अनुशासन नबुझ्ने, आचरणको कुरा सिकाउन आउने कुनै पनि व्यक्तिलाई कठोर सजाय दिने । अधिनायकवादी चरित्र नै सामन्ती राजाको मूल पहिचान हो । दुर्भाग्य, यही चरित्रमा देखिए फाल्गुण २१ को निर्वाचनमा मिल्काइएका राजाहरु । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/03/10/758054/**

## उदीयमान वैकल्पिक शक्तिमाथि असीम जनअपेक्षा

आज नेपालीले भ्रष्टाचारमुक्त, रोजगारयुक्त, सुसंस्कृत सुशासनमा भरोसा राख्दै शुभकामना सहित अमूल्य मतदान पनि गरेका छन् । नेपालीजनको सफलताको सुनिश्चित गर्नु यो जनमतको प्रथम कर्तव्य हुनेछ । भविष्यको मूल्याङ्कन भविष्यले नै गर्नेछ । २०४६ देखि भोगिएका टकरावपूर्ण निर्वाचनको सट्टा छोटो समयमा व्यवस्थित र शान्तिपूर्ण निर्वाचन गराउन सफल सुशीला कार्की सरकार धन्यवादको पात्र छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1889334/infinite-public-expectations-on-emerging-alternative-forces**

## रवि-बालेन गठबन्धनको ऐतिहासिक जितको अर्थ

नेपालमा फागुन २१ मा भएको निर्वाचनमा रास्वपा र बालेन शाह नेतृत्वको नयाँ राजनीतिक शक्ति अभूतपूर्व जनादेशसहित विजयी भएका छन् । भदौ २३ र २४ मा भएको जनआन्दोलनले शासकहरूलाई गद्दीबाट हटाएको र त्यसपछि मतदानमार्फत राजनीतिक परिवर्तनलाई वैधता प्रदान गरिएको थियो । रास्वपाले विधिको शासन, सुशासन, समावेशी विकास र आर्थिक संरचनागत सुधारका लागि अवसर पाएको छ, जसले आगामी पाँच वर्षमा चुनौती र अवसर दुवै सामना गर्नेछ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1888847/the-meaning-of-the-historic-victory-of-the-ravi-balen-alliance**

## यस्तो बन्दै छ सातदोबाटोमा 'जेन-जी' शहीद स्मारक पार्क

भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनका क्रममा ज्यान गुमाएका ४५ शहीदमध्ये ४२ जनाको शालिकसहित ललितपुरको सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा 'जेन-जी' शहीद स्मारक पार्क निर्माण सुरु गरिएको छ । तत्कालीन युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताको अध्यक्षतामा बसेको राष्ट्रिय खेलकुद परिषद्को १२४औँ बोर्ड बैठकले पार्क निर्माणका लागि जग्गा उपलब्ध गराउने निर्णय गरेपछि निर्माण कार्य अघि बढाइएको हो । बाँकी... स्रोत : **https://www.ratopati.com/story/549983/this-is-how-the-gen-g-martyr-memorial-park-is-being-built-in-satdobato**

## सफल ऐतिहासिक निर्वाचन

जेनजी विद्रोहपछिको अन्योलपूर्ण वातावरणमा देशलाई निकास दिने उद्देश्यले गठित सरकारले आफ्नो घोषित अभिभारा पूरा गरेको छ । फागुन २१ मा निर्वाचन सम्पन्न भई सोको परिणाम पनि प्राप्त भइसकेको छ । यसको विवरण निर्वाचन आयोगले राष्ट्रपतिलाई बुझाउने प्रक्रिया बाँकी छ । सो विवरण राष्ट्रपतिसमक्ष पुगेपछि उहाँले नयाँ सरकार गठन प्रक्रिया सुरु गर्नु हुने छ । यस चुनावमा नयाँ भनिएको वैकल्पिक शक्ति राष्ट्रिय स्वतन्त्र पार्टीलाई जनताले लगभग दुई तिहाइ मत दिएका छन् । यस्तो नतिजा नेपाली निर्वाचन इतिहासमा बिरलै पाइन्छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/196058**

## शान्त विद्रोहको सन्देश

प्रतिनिधिसभा निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पाएको सफलतासँग धेरैले २०१५ सालमा नेपाली कांग्रेसलाई प्राप्त दुईतिहाइभन्दा बढी स्थानको विजयलाई सम्झना गराइरहेका छन् । त्यतिबेला प्रतिनिधिसभाको १०९ स्थानका लागि भएको निर्वाचनमा कांग्रेस एक्लैले ७४ स्थान पाएको थियो । नेपाल राष्ट्रवादी गोर्खा परिषद्ले १९ स्थान जितेको थियो भने तेस्रो ठुलो दल संयुक्त प्रजातन्त्र पार्टीलाई पाँच स्थान मिलेको थियो । नेपाल कम्युनिस्ट पार्टी जम्मा चार स्थानमा विजयी भएको थियो । त्यस निर्वाचनमा नेपाल प्रजा परिषद् (कोदालो) ले दुई, नेपाल प्रजापरिषद् (हलो) ले एक र स्वतन्त्र उम्मेदवारले चार स्थान पाएका थिए ।बाँकी... स्रोत : **https://nagariknews.nagariknetwork.com/opinion/a-message-of-peaceful-rebellion-43-66.html**

## चुनाव पितृसत्ताको दर्पण हो ?

दीपा नेपाली लेख्छिन चुनावलाई साँच्चै लोकतान्त्रीकरण गर्ने हो भने प्रत्यक्ष निर्वाचन प्रणालीमै जनसंख्याअनुसार महिला उम्मेदवारी सुनिश्चित गर्ने कानुनी व्यवस्था आवश्यक छ । चुनावमा कुनै दलले धेरै सिट जित्यो भने त्यसैलाई लोकतन्त्रको विजय ठानिन्छ । यदि चुनाव जित्नु मात्रै लोकतन्त्र हो भने चुनाव लड्नै नपाएकाहरूका लागि लोकतन्त्र के हो बुझिने अर्थमा ? चुनावको बहस दलहरूको हारजितको गणितमा सीमित हुनुभन्दा अघि ती राजनीतिक दल आफैं कति लोकतान्त्रिक छन् ? बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/03/09/are-elections-a-mirror-of-patriarchy-37-42.html**

## मानवशास्त्री सुरेश ढकालको विश्लेषण : 'डिजिटल इकोच्याम्बर'ले जन्माएको चुनावी सुनामी

'ल्यान्ड एन्ड एग्रेरियन क्वेश्चन्सः एसेज अन ल्यान्ड टेन्युर', 'नेपालमा भूस्वामित्व र भूमिसुधार' तथा 'इतिहासअघिको इतिहासः सांस्कृतिक उद्विकासको मानवशास्त्रीय वृत्तान्त' लगायत आधा दर्जन पुस्तकका लेखक तथा मानवशास्त्री सुरेश ढकाल त्रिभुवन विश्वविद्यालयमा झन्डै दुई दशकदेखि मानवशास्त्र अध्यापनमा सक्रिय छन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/549599/anthropologist-suresh-dhakals-analysis-the-election-tsunami-created-by-the-digital-echo-chamber**

## घन्टीमय भयो नयाँ संसद्

फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनको मतगणना जारी छ । प्रत्यक्ष निर्वाचनको १६५ वटै निर्वाचन क्षेत्रको नतिजा आइसकेको छ। जसअनुसार रास्वपाले १२५, कांग्रेसले १८, एमालेले ९, नेकपाले ८, श्रम संस्कृतिले ३, राप्रपाले १ र स्वतन्त्र १ सांसद निर्वाचित भएका छन्। समानुपातिकतर्फ मतगणना जारी छ। कुल खसेको एक करोड ९ लाख ७७ हजार ७११ मतमध्ये सोमबार राति २ बजेसम्म १ करोड १ लाख १३ हजार ६२३ मतगणना भएको छ। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/190355/2026-03-10**

## समानुपातिकमा कुन दलबाट कति महिला आउँदै ?

प्रतिनिधिसभाका २७५ सांसदमध्ये कम्तीमा ३३% अर्थात् ९१ महिला हुनुपर्ने संवैधानिक व्यवस्था छ, प्रत्यक्षबाट १४ महिला मात्र निर्वाचित भएकाले बाँकी ७७ महिला दलहरूले आफ्नो भागमा पर्ने समानुपातिक सिटका आधारमा पठाउनेछन् ठुलो दल रास्वपाबाट ४८ महिला छानिँदै प्रत्यक्षतर्फ एक महिला उम्मेदवारले जितेको कांग्रेसबाट अब १२ महिला सांसद आउँदै प्रत्यक्षमा एमालेका महिला उम्मेदवारले जितेनन्, । बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/190354/2026-03-10**

## प्रत्यक्षतर्फ कुन उमेर समूहका कति सांसद ?

निर्वाचनमा पुराना दलहरूको हैसियत व्यापक उलटफेर भएसँगै नयाँ प्रतिनिधिसभामा युवा उपस्थिति पनि बढ्दै छ। सोमबार रातिसम्म प्रत्यक्षतर्फका १६५ सिटको अन्तिम नतिजा आउँदा ५० वर्षसम्मका ११८ सांसद निर्वाचित भएका छन्। यीमध्ये १२ सांसद त ३० वर्षभित्रका छन्। ६० वर्ष नाघेका ११ जना मात्रै संसद् पुगेका छन्। समानुपातिकतर्फ ११० सिटका लागि पनि मतगणना जारी छ। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/190353/2026-03-10**

## आर्थिक सुधारको अपेक्षामा सेयर बजारमा उभार

प्रतिनिधि सभा निर्वाचनपछि खुलेको नेपालको सेयर बजारमा ऐतिहासिक उत्साह देखिएको छ। बजार खुलेको केही मिनेटमै लगातार तीन पटक सर्किट ब्रेक लाग्दै नेप्से परिसूचक छ प्रतिशतले उकालो लागेर २९ सयको नजिक पुगेपछि सोमबारका लागि कारोबार बन्द गरिएको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/195738**

## प्रत्यक्षतर्फ चौध जना महिला निर्वाचित

यस पटक प्रतिनिधि सभा निर्वाचनको प्रत्यक्षतर्फ जित हासिल गर्ने महिला राष्ट्रिय स्वतन्त्र पार्टीबाट धेरै छन्। गत २०७९ सालमा भएको निर्वाचनको तुलनामा समग्रमा हेर्दा यस पटक महिलाको राम्रो जित प्रत्यक्षमा देखए पनि नेकपा (एमाले) र नेकपालगायतका दलबाट महिला उम्मेदवारको जित शून्य रह्यो। जसले भावी प्रतिनिधि सभामा उक्त दलबाट प्रतिनिधित्व गर्ने महिलाको सङ्ख्या अति न्यून हुने सम्भावना बढेको छ। त्योबेला नौ जना मात्र महिला उम्मेदवारले प्रत्यक्षतर्फ जितेका थिए। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/195732**

## राष्ट्रिय सभाका १८ सांसदले लिए शपथ

राष्ट्रिय सभाका नवनिर्वाचित १८ सदस्यले पद तथा गोपनीयताको शपथ लिएका छन् । ५९ सदस्यीय राष्ट्रिय सभामा रिक्त एकतिहाइ सदस्यका लागि ११ माघमा निर्वाचन भएको थियो । कोशी प्रदेशबाट रोशनी मेचे, सोमनाथ पोर्तेल र सुनीलबहादुर थापा, मधेश प्रदेशबाट रेखाकुमारी झा, धर्मेन्द्र पासवान, रञ्जित कर्ण र महन्थ ठाकुर, बागमती प्रदेशबाट गीता देवकाटा र प्रेमप्रसाद दंगाल तथा गण्डकी प्रदेशबाट जगत तिमिल्सिना र सम्झना देवकोटा निर्वाचित भएका थिए । बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/190352/2026-03-10**

## वसन्त ऋतुसँगै चेरी फूलले सिँगारियो काठमाडौं

वसन्त ऋतुको आगमनसँगै काठमाडौंका विभिन्न स्थानहरू चेरी फूलले सिँगारिन थालेका छन् । सिनामंगल क्षेत्रमा चेरी फूल फुलेपछि वातावरण अझ आकर्षक बनेको छ । उपत्यकाका सडक किनारा तथा पार्कहरूमा चेरी फुलेपछि सहरको सुन्दरता थप बढेको देखिन्छ । बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/190389/2026-03-10**

## दुई सातापछि नयाँ सरकार

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को परिणामबमोजिम सरकार गठन प्रक्रिया करिब दुई सातापछि मात्रै सुरु हुने छ। पहिलो हुने निर्वाचित हुने प्रणालीको अन्तिम परिणाम सार्वजनिक भए पनि समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने ११० जना उम्मेदवार टुङ्गो लाग्ने प्रक्रिया लम्बिने भएकाले सरकार गठनका लागि समय लाग्ने छ । नेपालको संविधान, २०७२ को धारा ९३ (१) मा राष्ट्रपतिले प्रतिनिधि सभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र सङ्घीय संसद्को अधिवेशन आह्वान गर्ने उल्लेख छ । अधिवेशन आह्वान भएपछि मात्रै नयाँ सरकार गठनको प्रक्रिया सुरु हुने छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/195894**

## प्रशासन सुधारको दिशा

मुलुकमा भर्खरै आमनिर्वाचन सम्पन्न भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले झन्डै दुई तिहाइ सिट जितेको छ । विगतका निर्वाचनमा कुनै पनि राजनीतिक दलले बहुमत हासिल गर्न नसक्दा गठबन्धन गरेर सरकार गठन भएको थियो । यसरी गठबन्धन गरेर सरकार गठन हुँदा सरकार स्थिर ढङ्गबाट सञ्चालन हुन सकेको थिएन । सरकारमा भइरहेको फेरबदलले सार्वजनिक प्रशासन पनि स्थिर ढङ्गबाट सञ्चालन हुन सकेको थिएन । सार्वजनिक प्रशासन मुलुकको शासन प्रणालीको मेरुदण्ड हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/195915**

## फोटो पत्रकारिताबाट विश्व कीर्तिमानी आरोही पूर्णिमा श्रेष्ठ

गोरखाको आरुघाटका शान्त पहाडहरू, जहाँ बिहानको कुहिरो सिँढीदार खेतबारीमाथि बिस्तारै फैलिन्छ र बुढीगण्डकी नदीको मधुर आवाजसँगै बाल्यकालका सपनाहरू हुर्किन्छन्, त्यहीँ एउटा साधारण केटी पूर्णिमा श्रेष्ठ हुर्केकी थिइन् । त्यो सानो गाउँको गोरेटो बाटोमा दौडिँदा उनले कहिल्यै सोचेकी थिइनन् कि एक दिन उनको पाइलाले पृथ्वीको सर्वोच्च स्थान अर्थात् सगरमाथाको चुचुरोमा टेक्नेछ भनेर । सानो छँदा आकाशमा उडिरहेको चील देख्दा जति कौतूहलता जाग्थ्यो, त्यस्तै कौतूहलता बोकेर उनी काठमाडौँ छिरेकी थिइन् । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/03/09/757984/**

## यसरी हुन्छ समानुपातिक सिट बाँडफाँट

सुविधाजनक संसदीय अङ्कगणितसहित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रतिनिधि सभा सदस्य निर्वाचनमा मत हासिल गरेको छ। प्रत्यक्षतर्फ १२५ सिटमा जित हासिल गरिसकेको रास्वपा समानुपातिकको जारी गणनामा पनि निकै अघि छ। रास्वपाले समानुपातिकमा सदर मतको झन्डै आधा मत पाएको छ। सोमबार साँझसम्म रास्वपाले कुल सदर मतको ४८ प्रतिशतभन्दा बढी मत होल्ड गरेको छ। अघिल्लो संसद्का ठुला दल नेपाली कांग्रेस, नेकपा (एमाले) लगायतका दलको उपस्थिति प्रतिनिधि सभामा यस पटक निकै कमजोर बनेको छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/195739**

## निर्वाचनपछि संवैधानिक मार्ग

फागुन २१ गते सम्पन्न प्रतिनिधि सभाको निर्वाचनको परिणाम आउने क्रम जारी छ। अबको केही दिनमा यसको सम्पूर्ण परिणाम आउने छ। प्रतिनिधि सभाको यो निर्वाचन नेपालको संविधान प्रारम्भ भएपछिको तेस्रो हो। प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत १६५ जना र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत ११० जना गरी जम्मा २७५ जना यस निर्वाचनमा निर्वाचित हुन्छन् साथै प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६२ बमोजिम निर्वाचन आयोगले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन परिणामसहितको प्रतिवेदनलाई घोषणा भएको सात दिनभित्र राष्ट्रपतिसमक्ष पठाउनुपर्ने छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/195664**

## महिला नेतृत्वको उत्कृष्टता

नेपालको सामाजिक तथा राजनीतिक इतिहासमा महिलाको भूमिका प्रायः 'समर्थन गर्ने शक्ति' का रूपमा व्याख्या हुँदै आएको छ। परिवारको व्यवस्थापन, संस्कारको संरक्षण र समाजको आधार निर्माणमा महिलाले खेलेको भूमिका सधैँ महत्वपूर्ण रहँदै आएको छ । घरको शान्ति, अनुशासन र व्यवस्थापनमा महिलाको योगदानलाई समाजले स्वीकार त गरेको छ तर राज्य सञ्चालनको नेतृत्व तहमा पुग्ने अवसर भने लामो समयसम्म सीमित रह्यो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/195663**

## वित्तीय संघीयताका आयाम

विसं २०७२ मा नेपालको संविधान जारी भएसँगै संघीयता कार्यान्वयनमा आएको हो। संघीयताका मुख्य तीन आयाम हुन्छन्, राजनीतिक, प्रशासनिक र वित्तीय। सामान्यतया राजनीतिक सङ्घीयताले पालिकाहरूको भौगोलिक सीमा निर्धारण र निर्वाचित पदाधिकारीलाई बुझाउँछ भने प्रशासनिक सङ्घीयताले कर्मचारीतन्त्रीय व्यवस्थापकीय पक्षलाई जनाउँछ। राजनीतिक संघीयताले नीति तथा योजना तर्जुमा गर्छ भने प्रशासनिक संघीयताले ती योजनालाई कार्यान्वयन गर्ने जिम्मेवारी वहन गर्छ । यसरी कार्य र कार्यसम्पादनको व्यवस्थापनपछि आवश्यक पर्ने स्रोतको व्यवस्थापन वित्तीय सङ्घीयताले गर्छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/195764**

## राष्ट्रसंघद्वारा नेपालको प्रस्ताव पारित, मुलुकका निम्ति महत्वपूर्ण कूटनीतिक उपलब्धि

संयुक्त राष्ट्रसङ्घले नेपालको प्रस्तावमा अन्तरराष्ट्रिय आरोग्य दिवससम्बन्धी प्रस्ताव पारित गरेको छ । महासभाले आज उक्त प्रस्ताव पारित गरेको हो। अब विश्वका विभिन्न मुलुकमा हरेक वर्ष अप्रिल १५मा यो दिवस मनाइने छ। संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापाका अनुसार उक्त प्रस्तावले स्वास्थ्य भन्नाले केवल रोग नलाग्नु मात्र नभई शारीरिक, मानसिक, सामाजिक, सांस्कृतिक, भावनात्मक तथा पर्यावरणीय समग्र कल्याणलाई जनाउने उल्लेख गरिएको छ। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/549785/nepals-resolution-passed-by-the-united-nations-a-significant-diplomatic-achievement-for-the-country**

## हिमालयन ह्वाइटवाटर च्यालेन्जको दोस्रो दिन जे देखियो

त्रिशूली नदीमा जारी २४औँ हिमालयन ह्वाइटवाटर च्यालेन्ज २०२६ तथा ५०औँ अन्तर्राष्ट्रिय हिमालयन राफ्टिङ तथा कायकिङ महोत्सवको दोस्रो दिन बुधबार कायाक क्रस प्रतिस्पर्धा रोमाञ्चक बनेको छ । त्रिशूलीको तीव्र र चुनौतीपूर्ण छालबिच ३२ जना खेलाडी फाइनल चरणका लागि प्रतिस्पर्धामा उत्रिएका छन् । नेपाल पर्यटन बोर्ड (एनटीबी) र नेपाल एशोसिएसन अफ राफ्टिङ एजेन्सिज (नारा) को संयुक्त आयोजनामा त्रिशूली नदीमा भइरहेको प्रतियोगिता साहसिक जलक्रीडाको महत्वपूर्ण अन्तर्राष्ट्रिय मञ्चका रूपमा स्थापित हुँदै गएको छ । बाँकी... स्रोत : **https://www.ratopati.com/story/549926/photos-from-the-second-day-of-the-himalayan-whitewater-challenge**

## गुराँस हेर्न रायराँयकोट

बागलुङको रायराँयकोट यतिबेला चर्चामा छ । गुराँसको जंगलबीच रहेको धार्मिक तथा पर्यटकीयस्थल रायराँयकोटमा पूर्वाधार थपिएसँगै त्यहाँ पुग्ने पर्यटक बढेका हुन् । रायराँयकोटमा सडक, विद्युत्लगायत पूर्वाधारको विकास भएको छ । सत्तल पनि निर्माण भएको छ । रायराँयकोट पञ्चकोटसँग जोडिएकाले पनि पर्यटक आकर्षित गर्न सहज भएको हो । बागलुङ नगरपालिका ७, बौलुङमाथिको डाँडामा रहेको रायराँयकोट आसपासको क्षेत्र गुराँसले ढकमक्क भएको स्थानीय लालबहादुर गौतमले बताए । बाँकी...

स्रोत : **https://nepalnews.com/2026/03/09/raya-rayakot-to-see-the-gurans**

## सल्यानका डाँडापाखामा ढकमक्क लाली गुराँस

सल्यानका डाँडापाखामा यतिबेला लाली गुराँस ढकमक्क फुलेको छ । वसन्त ऋतु नजिकिएसँगै जङ्गल राताम्य हुने गरी फुलेका गुराँसले प्रकृतिलाई झन् मनमोहक बनाएको छ । अहिले हरियाली वनभित्र रातो रङ फैलिएको छ । यसले सल्यानका पहाड प्रकृतिले आफैं सिँगारिदिएको जस्तो देखिन्छ । गुराँस केवल एउटा फूल मात्र होइन, नेपालीको भावना र पहिचानसँग जोडिएको प्रतीक पनि हो । नेपालको राष्ट्रिय फूल लाली गुराँसले प्रकृतिको सौन्दर्यसँगै राष्ट्रिय गौरव पनि बोकेको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1888204/red-bellied-woodpeckers-on-the-hillsides-of-salyan-photos**

## मिर्गौला बिग्रिरहेको नेपाली परिदृश्य

नेपालमा मिर्गौला फेल भएर उपचारमा आएका बिरामीमध्ये करिब एक तिहाइ वैदेशिक रोजगारबाट फर्किएका कामदार छन् । मिर्गौला प्रत्यारोपण नै ‘मिर्गौला फेल’ हुँदाको सर्वोत्तम उपाय हो । सफल प्रत्यारोपणपछि बिरामीहरू सामान्य जीवनयापनमा फर्किन सक्छन्, समाजमा पुनः सक्रिय भूमिका निर्वाह गर्न सक्छन् । विश्व मिर्गौला दिवस २०२६ को सन्देश सान्दर्भिक र महत्त्वपूर्ण छ- सबैका लागि मिर्गौला-स्वास्थ्य मानिसको हेरचाह, पृथ्वीको संरक्षण । बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/03/11/nepali-scenario-of-kidney-failure-09-42.html**

## १५ वर्षे प्याराग्लाइडिङ पाइलटको एसियन गेम्समा उडान भर्ने लक्ष्य

पोखरामा प्याराग्लाइडिङले व्यवसायिक मोड लिँदै गर्दा जन्मिएका युकेश गुरुङ (कोमुलस)लाई सानैदेखि आकाशमा उड्ने रहर थियो । तर, अविभावकले उनलाई क्यानोपी दिएनन् । उनले भने, ‘त्यतिबेलै सोचिसकेका थिए कि म एकदिन पाइलट बनेरै छाड्छु ।’ नभन्दै तिनै कोमुलस १५ वर्षको उमेर पार गर्दैगर्दा व्यवसायिक पाइलट बनिसकेका छन् । कोमुलसले सानैदेखि प्याराग्लाइडिङमा चाहना राख्नु अस्वभाविक थिएन, किनकी बुबा भूपालसिंह आफैं एक बरिष्ठ पाइलट थिए भने कोमुलसले मामा भनेर बोलाउने बिमल अधिकारी प्रशिक्षक पाइलट थिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2017/08/616709/%E0%A5%A7%E0%A5%AB-%E0%A4%B5%E0%A4%B0%E0%A5%8D%E0%A4%B7%E0%A5%87-**

## ११४औं अन्तर्राष्ट्रिय नारी दिवस : सामाजिक-आर्थिक योगदानमा नारी

यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः, यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्राफलाः क्रियाः । अर्थात् जहाँ नारीको पूजा हुन्छ, त्यहाँ देवता निवास गर्दछन् र जहाँ नारीको पूजा हुँदैन, त्यहाँ गरिने समस्त श्रेष्ठ कर्म निष्फल हुन पुग्छ । शोचन्ति जामयो यत्र विनश्यत्याशु तत्कुलम्, न शोचन्ति तु यत्रैता वर्धते तद्धि सर्वदा । अर्थात् जुन कुल परिवारमा नारी कष्ट भोग्छन्, त्यो कुल परिवार शीघ्र नष्ट भएर जान्छ र जहाँ नारी प्रसन्न रहन्छन्, त्यो कुल परिवार सदैव उर्वर र समृद्ध रहन्छ । बाँकी... स्रोत :
**https://www.annapurnapost.com/story/453448/#:~:text=%E0%A4%AF%E0%**

## १४ वर्षपछि पृथ्वीमा खस्दै नासाको ६०० केजीको भूउपग्रह

अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले प्रक्षेपण गरेको करिब १४ वर्षपछि ६०० किलो तौल भएको 'भ्यान एलेन प्रोब ए' अन्तरिक्ष यान पुनः पृथ्वीको वायुमण्डलमा प्रवेश गर्ने भएको छ । अमेरिकी स्पेस फोर्सको प्रक्षेपण अनुसार यो यान बुधबार बिहान पृथ्वीमा खस्ने अनुमान गरिएको छ । यद्यपि यसको समयमा २४ घण्टाको घटबढ हुनसक्ने अनिश्चितता रहेको नासाले स्पष्ट पारेको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/549780/nasas-600-kg-satellite-falls-to-earth-after-14-years**

## रास्वपा र नेपालमा नयाँ राजनीतिको निर्माण

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले जनस्तरमा व्याप्त परिवर्तनको चाहना, युवाका सपना र शहरी क्षेत्रको सेवा प्रवाहप्रतिको अपेक्षालाई एक सुव्यवस्थित चुनावी अभियानमा रूपान्तरण गरेको छ । २१ फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा यसको प्रभाव निकै उत्साहजनक देखिएको छ। रास्वपाको यो सफलता मूलतः तीन वटा बलिया आधारमा टिकेको छ : भ्रष्टाचार निवारण र नयाँ पुस्तालाई नेतृत्वमा ल्याउने संकल्प, प्रविधिमा आधारित जनपरिचालन र वाचापत्र एवं नीतिगत प्रस्थानका १०० आधार जस्ता दूरदर्शी योजनाहरू । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1889393/rashtriya-swayamsevak-sangh-rss-and-the-creation-of-new-politics-in-nepal**

## 'धन्यवाद पत्र' लिएर बिदा भए निर्वाचन प्रहरी

प्रतिनिधिसभा सदस्य निर्वाचन सुरक्षाको लागी भर्ना गरिएका निर्वाचन प्रहरीहरूले आफ्नो कार्यअवधि पूरा गरेका छन् । ४० दिनसम्म निर्वाचनको सुरक्षामा परिचालन गर्नेगरी नेपाल प्रहरीले १ लाख ३३ हजार ९८० जना र सशस्त्रले १५ हजार ११० जना निर्वाचन प्रहरी भर्ना गरेको थियो । फागुन २१ मा प्रतिनिधिसभा सदस्य निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ । मतगणना पनि सार्वजनिक भैसकेको अवस्थामा निर्वाचन प्रहरीलाई बिहीबार बिदाइ गरिएको हो । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/550018/election-police-depart-with-thank-you-letters-photos**

## नारी सत्कार : दिव्य गुण र सुखमय समाजको आधार

'यत्र नार्यस्तु पूज्यन्ते...' भन्ने उक्ति मनुस्मृतिको सबैभन्दा बढी उद्धृत गरिने र प्रभावशाली श्लोकहरूमध्ये एक हो । यसले समाज र परिवारमा नारीको स्थान कस्तो हुनुपर्छ भन्ने एउटा स्पष्ट मार्गचित्र प्रस्तुत गर्दछ । संस्कृत श्लोक यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता : । यत्रैतास्तु न पूज्यन्ते सर्वस्तत्राफलाः क्रिया : ॥ (३.५६)

**नेपाली अनुवाद**

"जहाँ नारीहरूको पूजा (सम्मान र सत्कार) हुन्छ, त्यहाँ देवताहरू प्रसन्न भएर निवास गर्छन् । तर जहाँ नारीहरूको अनादर हुन्छ, त्यहाँ गरिएका सम्पूर्ण शुभ कार्यहरू र प्रयासहरू निष्फल हुन्छन् । " बाँकी...

स्रोत : **https://samwadkhabar.com/news/13961**

## जनताको अदालतले किन गऱ्यो निर्मम फैसला ?

सम्झनुपर्छ कि नीति र नेतृत्व नदी हो, जति बग्दै गयो, जनतामा अभिसिञ्चनको शीतलता छर्दै गयो उति सङ्लो बन्छ, सुकिलिन्छ तर जति जम्यो, फोहोर भयो उति तिरस्कृत बन्दै जान्छ । लोकतान्त्रिक राजनीतिक इतिहासको एउटा रोचक सत्य के हो भने कुनै समय अत्यन्त शक्तिशाली देखिएका राजनीतिक दलहरू पनि अचानक मतदाताको कठोर निर्णयका कारण कमजोर वा लगभग समाप्त हुन सक्छन् । राजनीतिक शक्ति स्थायी हुँदैन, जनताको विश्वास नै यसको आधार हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1889983/why-did-the-peoples-court-make-such-a-cruel-decision**

## तत्कालीन गृहमन्त्री बादल मुछिएको ज्यानमुद्दामा अनुसन्धान अघि बढाउन सर्वोच्चको परमादेश

सर्वोच्च अदालतले नेकपा माओवादीको विप्लव समूहका कार्यकर्ता कुमार पौडेलको हत्यामाथि छानविन गर्न आदेश दिएको छ । सर्वोच्चको आदेशसँगै अब प्रहरीले तत्कालीन गृहमन्त्री रामबहादुर थापा (बादल), प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल, तत्कालीन प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउत लगायत विरुद्ध परेको किटानी जाहेरीमाथि अनुसन्धान गर्नुपर्ने छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1890019/supreme-court-orders-investigation-into-murder-case-involving-then-home-minister-badal**

## पञ्चशील नै अबको बाटो

मध्यपूर्वमा फैलिँदै गएको युद्धले विश्व राजनीतिमा फेरि एक पटक गम्भीर प्रश्न उब्जिएको छ । आजको विश्व शक्ति सन्तुलन अब एकध्रुवीय संरचनामा सीमित छैन भन्ने संकेत अमेरिका-इजरायलको संयुक्त सैन्य अभियान, इरानको प्रतिरोध र त्यस वरिपरि रुस तथा चीनको कूटनीतिक सन्देशले स्पष्ट दिएको छ । यस सन्दर्भमा डोनाल्ड ट्रम्पले युद्ध चाँडै अन्त्य हुन सक्ने सङ्केत दिनु भएको छ तर इरानको इस्लामिक रिभोलुसन्री गार्ड कोर्प्सले युद्धको अन्त्य कहिले हुने भन्ने कुरा आफूहरूले तय गर्ने चेतावनी दिएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/196200**

## जनताको अदालतले किन गऱ्यो निर्मम फैसला ?

सम्झनुपर्छ कि नीति र नेतृत्व नदी हो, जति बग्दै गयो, जनतामा अभिसिञ्चनको शीतलता छर्दै गयो उति सङ्लो बन्छ, सुकिलिन्छ तर जति जम्यो, फोहोर भयो उति तिरस्कृत बन्दै जान्छ । लोकतान्त्रिक राजनीतिक इतिहासको एउटा रोचक सत्य के हो भने कुनै समय अत्यन्त शक्तिशाली देखिएका राजनीतिक दलहरू पनि अचानक मतदाताको कठोर निर्णयका कारण कमजोर वा लगभग समाप्त हुन सक्छन् । राजनीतिक शक्ति स्थायी हुँदैन, जनताको विश्वास नै यसको आधार हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1889983/why-did-the-peoples-court-make-such-a-cruel-decision**

## टी-२० विश्वकपबाट नेपालले पायो झन्डै चार करोड रुपैयाँ

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी) ले दसौँ टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा सहभागी २० राष्ट्रलाई ११.२५ मिलियन अमेरिकी डलर (एक अर्ब ६५ करोड रुपैयाँ) पुरस्कार रकम वितरण गरेको छ। विश्वकपमा सहभागी भएबापत र उनीहरूको प्रदर्शनका आधारमा रकम वितरण गरिएको आइसिसीले जनाएको छ। तेस्रोपटक विश्वकप विजेता बनेको भारतले सर्वाधिक २६ लाख ३९ हजार ४२३ अमेरिकी डलर प्राप्त गरेको छ। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/190479/2026-03-12**

## बिहानीजस्तै मान्छे

उदाउँदो सूर्य कति सुन्दर हुन्छ । कति प्यारो हुन्छ । त्यो याम क्या घमाइलो देखिन्छ । चिरबिर चिरबिर चरीहरूको सुललित संगीत कम्तीको सुनिरहूँ लाग्दैन । बिहानीको याम, ती कलिला घामका आभासँगै हरेक मान्छेको दिनचर्या उठ्छ आफूसँगै । हिमालका दन्ते लहरमा घामका कलिला आभा छरिँदा सुनौला देखिन्छन् हिमाल । बाँकी... स्रोत : **https://nagariknews.nagariknetwork.com/arts/a-person-like-the-morning-br-52-39.html**

## पोम्लालुङ :  कुलुङको स्वर्ग !

संसारका सबै धर्ममा स्वर्गको आफ्नै ठूलो चर्चा छ । मानिस मरेपछि स्वर्ग पुग्छ भन्ने आम मान्यता छ । विश्वभरका हिन्दुहरू स्वर्गको अस्तित्वमा धेरै विश्वास गर्छन् । तैपनि मानिसले स्वर्गलाई एक पवित्र ठाउँ मान्दै आए । मानिस मरेपछि पुग्ने अन्तिम ठाउँ नै स्वर्ग हो । कुलुङ जातिभित्र स्वर्गसम्बन्धी निकै अनौठो र मौलिक धारणा छ । आज किराँत भन्नाले एउटा जाति मात्र बुझिँदैन । बाँकी...

स्रोत : **https://www.annapurnapost.com/story/495984/**

## बुनेको सपनामा अल्झिएको प्रगति

नेपालको राजनीतिक इतिहास परिवर्तनको एउटा अविरल यात्रा हो, जहाँ बुनेका सपना र उनेका प्रयासले कहिल्यै नमेटिने गाथा लेखिएका छन् । विगत दुई शताब्दीको यात्रामा हामीले राणा शासनको उत्पीडनदेखि बहुदलीय प्रजातन्त्रको स्थापना, राजतन्त्रको पतन र गणतन्त्रको आगमनसम्मका ऐतिहासिक क्षणहरू देखेका छौँ तर यति ठुला परिवर्तनका बाबजुद पनि प्रगति किन अल्झिएको छ ? जनताको आँखामा परिवर्तनको आशा किन अझै अधुरो छ ? बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/196339**